# स्थानीय विकास कोष (स्थापना संचालन) कार्यविधि

## २०७६

**बिजयनगर गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

**पिपरी, कपिलबस्तु**

# विजयनगर स्थानीय विकास कोष (स्थापना संचालन) कार्यविधि
# संचालन कार्यविधि, २०७६

बिजयनगर गाउँपालिका को बैठकबाट स्वीकृत मिति ........................

**१. पृष्ठभूमि**

विजयनगर गाउँपालिका प्रदेश न. ५ मा पर्ने कपिलबस्तु जिल्ला को १ स्थानीय तह हो । यसको केन्द्र पिपरी, कपिलबस्तु मा रहेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :–**

क) यो कार्य संचालन कार्यविधिको विजयनगर स्थानीय विकास कोष (स्थापना संचालन) कार्य संचालन कार्यविधि, २०७६ रहने छ ।

ख) यो कार्य संचालन कार्यविधि विजयनगर गाउँपालिकाको गाउँकार्यपालिका बाट स्वीकृति भए पछि लागु हुनेछ ।

**३. परिभाषा**

क) "कार्यसंचालन कार्यविधि" भन्नाले, विजयनगर स्थानीय विकास कोष (स्थापना संचालन) कार्यसंचालन कार्यविधि २०७६ लाई जनाउने छ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउने छ ।

ग) "कोष" भन्नाले विजयनगर स्थानीय विकास कोष लाई जनाउने छ ।

घ) "समिति" भन्नाले विजयनगर स्थानीय विकास कोषको व्यवस्थापन र संचालन गर्न गठित संचालक समितिलाई जनाउने छ ।

ङ)	"अध्यक्ष" भन्नाले विजयनगर स्थानीय विकास कोष समितिको अध्यक्षलाई जनाउने छ ।

च)	"सदस्य" भन्नाले विजयनगर स्थानीय विकास कोष समितिको सदस्यहरुलाई जनाउने छ ।

छ) "सहकारी" भन्नाले विजयनगर गाउँपालिका भित्र विधिवत दर्ताभएका सहकारी संथाहरु लाई जनाउने छ ।

ज)	"सदस्य सचिव" भन्नाले विजयनगर स्थानीय विकास कोषको कार्यक्रम हेर्ने गरि खटिएका वा स्थानिय तहले सदस्य सचिवको कार्य गर्ने गरी जिमेवारी तोकेको कर्मचारीलाई बुझाउने छ ।

ज)	"कार्यक्रम" भन्नाले स्थानीय विकास कोषबाट स्थानीय तहमा संचालनमा रहि हाल विजयनगर स्थानीय विकास कोषमा हस्तान्तरण संचालित कार्यक्रमलाई जनाउने छ ।

झ)	"सामुदायिक संस्था" भन्नाले वस्तीमा महिला तथा पुरुष समुहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा संगठित भएका समूहलाई जनाउने छ ।

ञ)	"घुम्तिकोष" भन्नाले विजयनगर स्थानीय विकास कोष मार्फत लक्षित वगएको आय आर्जन विकास, व्यवशाय प्रवर्धन र स्वरोजगारका लागि लधुकर्जाको रुपमा लगानी गरिने रकमलाई जनाउने छ ।

ट)	"आम्दानी" भन्नाले स्थानीय विकास कोषबाट आम्दानी शिर्षकमा प्राप्त रकम र घुम्तिकोष परिचालनबाट प्राप्त हुने व्याजज, हर्जना र सेवाशुल्क बापतको रकमलाई जनाउने छ ।

## ४. उद्देश्यहरु

क) जिल्ला समन्वय समिति मार्फत संचालित स्थानिय विकास कोषको कार्यक्रम र बजेटलाई स्थानिय तहमा हस्तान्तरण गरि प्रभावकारी रुपले कार्यक्रम संचालन गर्ने।

ख) स्थायित निर्णय प्रकृया एवं श्रोत परिचालनमा सामुदायिक संस्था र विपन्न समुदायहरुको पहुँच अभिवृद्धि गर्न सशक्तिकरण गर्ने ।

ग) स्थानिय स्तरमा उपलब्क हुने श्रोत र साधनको समुचित रुपमा परिचालन गर्न सक्षम नेतृत्वको विकास गर्ने ।

घ) स्थानिय स्तरमा छरिएर रहेको पुँजीलाई एकिकृति गरि लघुकर्जा वा घुम्ति कोष माफैत आयआर्जन अभिवृद्धि गरि गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

ङ) बैक, सहकारी तथा वित्तिय संस्थासम्म पहुँच नपुगेका विपन्न समुदायहरुलाई सामुहिक जमानीमा लघुकर्जा प्रदान गर्दै स्वरोजगारीको सृजना गर्ने ।

च) विपन्न समुदायका सदस्यहरुलार्य संगठित गर्दै आपसी सहयोग, सदभाव र सामाजिक एकता कायम गर्न सहयोग पुऱ्याउने ।

छ) सामाजिक विकृति, विसंगति र अन्धविश्वासलाई न्यूनीकरण गर्दै संस्कृतिको संरक्षण र जगेर्ना गर्न अभिप्रेरित गर्ने ।

ज) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री व्यवहार, वातावरण संरक्षण गर्दै दिगो विकासमा सघाउ पुऱ्याउने ।

**५. विजयनगर स्थानीय विकास कोषको स्थपना**

विजयनगर गाउँपालिका भित्र लघुकर्जा वा घुम्तीकोष मार्फत आयआर्जन  क्रियाकलाप संचालन गर्दै स्वरोजगार सृजना र गरिबी न्यूनीकरण गर्न गाउँपालिका अन्तर्गत एउटा कोषको स्थापना गरिने छ जसको नाम "विजयनगर गाउँपालिका स्थानीय विकास कोष" रहने छ ।

**६. संचालक समितिको गठन**

क) विजयनगर स्थानीय विकास कोष संचालन र व्यवस्थापनका लागि देहाय बहोजिमका सदइहरु रहेको एक संचालक समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १. | गाउपालिका अध्यक्ष | अध्यक्ष |
| २. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३. | गा.पा.का. दलित महिला सदस्य मध्येबाट छानिएको एकजना प्रतिनिधि | सदस्य |
| ४. | गा.पा.का कायरुरत सहकारी वा वित्तिय संस्थाहरु मध्येबाट गा.पा. प्रमुखले तोकेको एक जना प्रतिनिधि | सदस्य |
| ५. | गा.पा.ले तोकेको विजयनगर स्थानीय विकास कोष हेर्ने कर्मचारी एक जना | सदस्य सचिव |

नोट : वजयनगर स्थानीय विकास कोष मार्फत सरकारी निकाय वा गैरसरकारी संस्थाले कार्यक्रम संचालन गर्न चाहेमा त्यस्ता निकाय वा गै.स.स.का प्रतिनिधिलाई आवश्यकताको आधारमा वजयनगर स्थानीय विकास कोषको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

## ७. संचालक समितिका सदस्यहरुको पदावधि

क) जनप्रतिनिधिहरु र सदस्य सचिवको हकमा सम्बन्धित पदमा बहाल रहेको अवधि सम्मलाई मानिने छ ।

ख) सहकारी वा वित्तिय संस्थाबाट छनौट हुने प्रतिनिधिको पदावधि छनौट भएको मितिले बढीमा ५ वर्षको हुनेछ ।

ग) समितिका सदस्यहरु पूनः छनौट वा मनोनित हुनका लागि यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

घ) समितिका सदस्यले स्वेच्छाले पदत्याग गर्न चाहेमा आफ्नो राजीनमा लिखित रुपमा अध्यक्ष समक्ष पेश गर्नुपर्ने छ । अध्यक्षले स्वीकृत गरेको मिति देखि मात्र त्यस्तो राजीनामा लागु हुने छ ।

ङ) मृत्यु, राजीनामा, अयोग्यता, बर्खास्ती वा अन्य कुनै कारणबाट कुनै सदस्यको स्थान रिक्त भएमा बाँकी अवधिका लागि नयाँ सदस्य जुन प्रक्रियाबाट छनौटभई आएको हो सोहि प्रक्रियाबाट छनौट गरिनेछ ।

च) समितिका कुनै सदस्यले यस कार्यविधिको भावना विपरित कार्य गरेमा, समितिको दुई तिहाई बहुमतबाट त्यस्ता सदस्यलाई पदमुक्त गर्न सकिने छ ।

छ) समितिका सदस्यहरु आफूले प्रतिनिधित्व गरेको संस्थाको पदमा नरहेको हकमा समितिको सदस्य पदबाट स्वतः हट्नेछन् ।

## ८. समितिको बैठक

क) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

ख) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

ग) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छन् ।

२) लगातार चार महिनासम्म बैठक नबसेको वा समितिका कुनै तीन जना सदस्यहरुले बैठक बोलाउन लिखित रुपमा माग गरेको अवस्थामा अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

घ) समितिको बैठक बस्ने सूचना र छलफल गरिने विषयहरु बैठक बस्ने मिति भन्दा कम्तीमा ४८ घण्टा अगावै सदस्यहरुलाई दिनु पर्ने छ तर नियमित रुपमा बस्ने बैठकको हकमा २४ घण्टा अगावै सूचना दिन सकिने छ ।

ङ) बैठकको गणपुरक संख्या कुल सदस्य संख्याको सामान्य बहुमत मानिने छ ।

च) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ तर मत बराबर भएको अवस्थामा अध्यक्षले निर्णायाक मत दिनेछन् ।

छ) विजयनगर स्थानीय विकास कोषको अध्यक्षता अध्यक्षले गर्ने छन् । अध्यक्ष अनुपस्थिति भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

ज) समितिले गाउँपालिका पदाधिकारी, साझेदार संस्थाका प्रतिनिधि तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ तर त्यस्ता आमन्त्रित व्यक्तिलाई मतदान गर्ने अधिकार हुने छैन ।

झ) बैठकमा भएका निर्णयहरु सदस्य सचिवले कार्यान्वयन गर्नु पर्नेछ ।

ञ) समितिको बैठकमा भाग लिएबापत सदस्यहरुले गाउँपालिकाका सदस्यहरुले पाए सरह बैठक भत्ता पाउनेछन् तर यस्तो भत्ता पाउनका लागि कोष स्वयं सक्षम हुनुपर्नेछ ।

ट)	समितिका सम्पूर्ण निर्णयहरु तथा आयव्यय सम्बन्धित विवरण सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ ।

ठ)	कोष संचालन सम्बन्धि कार्यविधिमा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून र कार्यापालिकाको निर्णय बमोजिम हुनेछ ।

## ९.	समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

क)	कोष संचालन एवं व्यवस्थापन सम्बन्धित कार्यविधि कार्यान्वयन गर्ने गराउने,

ख)	कोषको वार्षिक बजेट र कार्यक्रम आर्थिक वर्ष अनुसार तर्जुमा गरि कार्ययोजना अनुरुप संचालन गर्ने,

ग)	कोषको प्रगति प्रतिवेदन तथा आर्थिक कारोबारको मासिक, चौमासिक एवं वार्षिक प्रगति प्रतिवेदन तयार गरि गाउँपालिका र कार्यक्रम सँग सम्बन्धित निकाय वा संघसंस्थामा पेश गर्ने ।

घ)	कार्यक्रमको संचालन अनुगमन र मूल्याङ्कनको उपयुक्त नीति तयार गरी सो अनुसार पुरा भए नभएको अनुगमन मूल्याङ्कन गरि सामुदायिक संस्थाहरुलाई सुझाव एवं निर्देशनहरु दिने,

ङ)	कोषको वृद्धि र विकासका निमित्त आवश्यक रणनीति तयार गर्ने,

च)	गाउँपालिका र सम्बन्धित निकायहरुको समन्वयमा कार्यक्रमको संचालन सम्बन्धि समस्याहरुको निराकरण गर्ने,

छ)	कोषको वार्षिक लेखापरिक्षण गराउने,

ज)	गाउँपालिका तहमा सामुदायिक संस्थाहरुको सुचिकृत, अनुगमन र मूल्याङ्कन गरि प्रगति समिक्षा नियमित रुपमा गर्ने व्यवस्था मिलाउने,

झ) सामुदायिक संस्थाबाट माग भई आएको लघुकर्जा घुम्तीकोष स्वीकृति र अनुमोदन गर्ने,

ञ) सामुदायिक संस्थाहरुमा लगानी भएको रकमको सदुपयोग र समयमा असुलीका लागि आवश्यक रणनीतिहरु तयारगरि कार्यान्वयन गर्ने,

ट) सामुदायिक संस्था र विभिन्न सरकारी र गैरसरकारी निकायहरु बिच समन्वय गरि श्रोत परिचालन र कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने,

ठ) कार्यक्रमबाट लाभान्वित समुदायको अध्ययन एवं मूल्याङ्कनका आधारमा महिला, दलित, विपन्न वर्ग र अन्य पछाडीपारिएका वर्ग समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने रणनीतिहरु तयार गरि कार्यान्वयन गर्ने,

ड) सामुदायिक संस्थाहरुलाई बढी सक्रिय गराई वैधानिक रुपमा वित्तिय लगायत अन्य सुविधाहरु प्राप्त गर्ने गरि सम्बन्धको विकास र विस्तार गर्ने,

ढ) कोषले गाउँपालिका तहमा सामुदायिक संस्थाहरुको आवश्यकताको आधारमा वित्तिय संस्था, सहकारी तथा अन्य संघसंस्थाबाट वैधानिक रुपमा सेवा र सुविधा उपलब्ध गराउने तर्फ प्रयास गर्ने,

**१०. कोषका कार्यहरु**

विजयनगर स्थानीय विकास कोषका कार्यहरु देहाय बमोजिमका हुनेछन्

क) गाउँपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक संस्थाहरुको सूची तयार गर्ने

ख) गाउँपालिका क्षेत्रका सम्पूर्ण बस्तीहरुमा लक्षित वर्गहरुलाई समेटी गठन गरिएका सामुदायिक संस्थाहरुको लगत तयार गरि तिनीहरुको मूल्याङ्कन गर्ने, मूल्याङ्कनबाट अब्बल देखिएका सक्रिय सामुदायिक संस्थाहरुलाई सूचिकृति गर्ने,

ग) मूल्याङ्कनबाट कमजोर देखिएका सामुदायिक संस्थाहरुको क्षमता विकास र पूर्नगठन गरि सुधार हुनसक्ने भएमा सोको आधारमा सकृय बनाई सुचिकृत गर्ने,

घ) सामुदायिक संस्थाहरु गठन नभएका बस्तीहरुमा लक्षित वर्गका महिला र पुरुषहरुको छुट्टै वा मिश्रित सदस्यहरुको सामुदायिक संस्थाहरु निर्माण गर्ने,

ङ) सुचिकृत भएका सामुदायिक संस्थाहरुका सदस्यहरुको आयआर्जन क्रियाकलाप संचालन गर्न कार्ययोजना तयार गर्न सघाउ पुऱ्याउने,

छ) कार्ययोजनाका आधारमा विवरण तयार गरि सामुदायिक संस्थाबाट माग भएको लघुकर्जाको सम्बन्धमा आवश्यक मूल्याङ्कन पश्चात निर्णय गरि लघुकर्जा/घुम्तीकोष प्रदान गर्ने,

ज) कार्यक्रमबाट लाभान्वीत सदस्यहरुको अध्ययन मूल्याङ्कनका आधारमा महिला, दलित, विपन्न वर्ग र पछाडी पारिएका वर्ग समुदायलाई प्रत्यक्ष फाईदा पुग्ने गरि कार्यक्रम तर्जुमा गर्ने,

झ) सूचिकृत गरिएका सामुदायिक संस्थाहरुको नियमित रुपमा मूल्याङ्कन गरि कार्यक्षमताका आधारमा स्तरीकरण गर्ने,

ञ) लक्षित समुदायका सदस्यहरुको वित्तिय संस्था तथा सहकारीसम्म पहुँच वृद्धि गरि लघुउद्यम व्यवसायको विरुता तथा प्रवर्द्धन गर्ने,

ठ) स्थानीय श्रोत र साधनको अधिकतम उपभोग गरि व्यवसायिक प्रवर्द्धन तथा आर्थिक विकासका नयाँ सम्भावनाका क्षेत्रमा समुदायको विकासका लागि साझेदारीका सम्भाव्य अवसरहरुको पहिचान गर्ने,

ड) स्थानीय विकास कोष मार्फत लगानीकै रुपमा हस्तान्तरण भई आएको रकम असुल उपर गरि परिचालन गर्ने ।

## १२. लघुकर्जा घुम्तीकोष परिचालन प्रकृया

क) स्थानीय विकास कोषबाट लघुकर्जा/घुम्तीकोष परिचालनका लागि प्राप्त साँवा ( मूलधन) रकमलाई सामुदायिक संस्था/समूह मार्फत स–साना आय–आर्जन क्रियाकलापहरुमा परिचालन गरिनेछ ।

ख)	लघुकर्जा/घुम्तीकोष प्राप्त गर्नका लागी बुँदा नं. ण्ख) बमोजिमको विवरण सहित कर्जा मागफारम विजयनगर स्थानीय विकास कोषमा सूचिकृत भएका सामुदायिक संस्थाहरुले आफ्नो सदस्यहरुको आयआर्जन र उद्यमशिलता विकास क्रियाकलापको विवरण सहित कर्जा भुक्तानीका लागि सदस्यहरुको सामुहिक प्रतिवद्धता सहितको निर्णय गरेको हुनुपर्नेछ ।

ग)	लघुकर्जा/घुम्तीकोष प्राप्त गर्नका लागि बुँदा नं. (ख) बमोजिम विवरण सहित कर्जा मागफाराम विजयनगर स्थानीय विकास कोषमा दर्ता भएपछि आवश्यक निर्णयार्थ समितिको बैठकमा पेश गरिनेछ र समितिबाट कर्जा दिने निर्णय भएपछि मात्र स्वीकृत कर्जा उपलब्ध गराईने छ ।

घ)	बुँदा नं. (ख) बमोजिम माग गरिएको रकममा कोषमा मौज्दात रकम र सामुदायिक संस्थाको परिपक्वताका आधारमा थपघट गर्ने अधिकार समितिमा रहनेछ । यस्तो रकम सामुदायिक संस्था आन्तरिक बचतको १० गुणा भन्दा बढी हुने छैन ।

छ)	लघुकर्जा/घुम्तीकोष बापत सामुदायिक संस्थालाई प्रदान गरिने कर्जामा वार्षिक ४% व्याज र भाखा नाघेमा २ % थप हर्जाना दस्तुर लाग्नेछ । यसरी सामुदायिक संस्थाले लिएको कर्जा आफ्ना सदस्यहरुमा लगानी गर्दा संस्थाको निर्णय बमोजिम बढीमा ६% सम्म व्याज र ३ % हर्जना लिनेगरी लगानी गर्न सक्नेछ ।

ज)	सामुदायिक संस्थाले आयआर्जन त्रिक्र्याकलापमा लगानी गर्ने गरि लिएको कर्जा अन्य कार्यमा खर्चगर्न पाइने छैन । यदि सामुदायिक संस्थाले लिएको रकम पुरै वा आंशिक रुपमा भाखा नाघी २ वर्षसम्म तिर्न बाँकी देखिएमा सोको सावाँ, व्याज र हर्जाना रकम सामुदायिक संस्थाका सम्पूर्ण सदस्यहरुले दामाशाही रुपमा भुक्तानी गर्नु पर्नेछ ।

## १३. कोषका श्रोतहरु

१) स्थानीय विकास कोषबाट हस्तान्तरित रकम

२) गाउँपालिकाले लघुकर्जा/घुम्तीकोष परिचालन गर्नका लागि म्याचिङ्ग गर्न सक्ने रकम,

३) कोषको रकम परिचालनबाट प्राप्त हुने व्याज, हर्जाना, तथा सेवा शूल्कको रकम,

३) कोषले अन्य निकाय वा संघसंस्थाको साझेदारीमा कार्यक्रम संचालन गरेवापत प्राप्त हुने रकम,

६) विभिन्न सरकारी तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त हुने रकम,

७) विभिन्न व्यक्ति तथा निकायबाट प्राप्त हुने दान, दातव्य, चन्दा र पुरस्कारको रुपमा प्राप्त जिन्सी तथा नगद रकम

## १४. कोषको खाता संचालन

क) कोषको रकम समितिको निर्णय अनुसार कुनै नजिकको बैंकमा छुट्टै खाता खोली राखिने छ ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी एकजना र लेखाप्रमुख वा निजले तोकेको लेखाशाखाको कर्मचारी एकजना गरी २ जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

## १५. कोषको सचिवालय

कोषको सचिवालय विजयनगर गाउँपालिकाको कार्यालयमा रहनेछ । कोषको काम कारर्वाहीका लागि एउटा छुट्टै छाप हुनेछ ।

## १६. कोषको लेखाव्यवस्था

१. कोषको देहाय बमोजिमका खाताहरु रहन सक्नेछन् :

क) लघुकर्जा घुम्तीकोष खाता

ख) आम्दानी खाता

ग) कार्यक्रम खाता

२. कोषले नेपाल सरकारद्वारा निर्धारित ढाँचामा खाता व्यवस्थापन गर्नु पर्नेछ ।

३. लघुकर्जा/घुम्तीकोष व्यवस्थापनका लागि विजयनगर स्थानीय विकास कोषको कार्यविधिमा उल्लेखित अनुसूचि बमोजिमका फर्मेटहरु प्रयोगमा ल्याउन सकिने छ ।

## १७. कोषको लेखापरिक्षण

क) विजयनगर स्थानीय विकास कोषको लेखापरिक्षण गाउँपालिकाको लेखापरिक्षणसँगै आन्तरिक लेखापरिक्षक र महालेखापरिक्षकबाट गराउनु पर्नेछ ।

ख) लेखापरिक्षक गराउने जिम्मेवारी विजयनगर स्थानीय विकास कोष समितिको हुनेछ । ग) कोषको लेखापरिक्षण प्रतिवेदन गाउँपालिका कार्यपालिकाको बैठकमा पेशगरि प्राप्त सुझावहरुलाई कार्यान्वयन गराउनु पर्नेछ ।

## १८. विजयनगर स्थानीय विकास कोषको कर्मचारी सम्बन्धित व्यवस्था

क) स्थानीय विकास कोषबाट स्थानिय तहमा कार्यक्रमको स्वामित्व र रकम हस्तान्तरणसँगै खटिने कर्मचारी वा गाउँपालिकाले तोकेको कर्मचारीले विजयनगर स्थानीय विकास कोषको सदस्य सचिवको रुपमा कार्य गर्नेछन् ।

ख) कोषको साझेदारिमा कुनै कार्यक्रम संचालन गर्नु पर्ने भएमा सो कार्यक्रमको लागि कर्मचारी भर्ना वा समायोजन गर्न यसले बाधा पारेको मानिने छैन ।

## १९. विजयनगर स्थानीय विकास कोषको रकम खर्च गर्न सक्ने क्षेत्रहरु

क) विजयनगर स्थानीय विकास कोषमा लघुकर्जा/घुम्तीकोष परिचालनका लागि प्राप्त हुने सावाँ (मूल धन) रकमलाई सामुदायिक संस्था/सदस्यताहरुमा लघुकर्जा/घुम्तीकोष परिचालन बाहेक अन्य कुनै पनि शिर्षकमा सिधै वा रकमान्तर गरि खर्च गर्न पाईने छैन ।

ख) विजयनगर स्थानीय विकास कोषमा प्राप्त आम्दानी रकम, कोषको लघुकर्जा/घुम्तीकोष परिचालनबाट प्राप्त व्याज, हर्जाना सेवाशुल्क तथा अन्य कुनै पनि शिर्षकहरुबाट प्राप्त आम्दानी रकमलाई देहायका क्षेत्रहरुमा खर्चगर्न सकिनेछः–

१. विजयनगर स्थानीय विकास कोष समितिको बैठक खर्च

२. कोषका कर्मचारीहरुका पारिश्रमिक तथा अन्य सेवा सुविधा

३. कोषका लागि चाहिने कम्प्यूटर, प्रिन्टर, स्टेशनरी तथा मसलन्द

४. विजयनगर स्थानीय विकास कोष समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम

५. सामुदायिक संस्थाहरुको सक्रियताका लागि उपलब्ध गराउनु पर्ने खाता, रजिष्टर, पासबुक, फर्मेट तथा अन्य सामाग्रीहरु खरिद

६. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन खर्च

७. विजयनगर स्थानीय विकास कोष समितिको निर्णय अनुसार आवश्यक अन्य खर्चहरु

## अनुसुचि-१

## संस्थाका सदस्यले संस्थामा ऋणपुंजी माग गर्ने निबेदन

मितिः......................

श्री अध्यक्ष ज्यू

विजयनगर स्थानीय विकास कोष

...................सामुदायिक संस्था

**विषय : ऋणपुंजी/घुम्तिकोष रकम उपलब्ध गराई पाँउ ।**

उपरोक्त सम्बन्धमा हाम्रो सामुदुायिक संस्थाको नियमानुसार म सदस्य क्र.सं. .......लाई ...............व्यवसाय गर्नका लागी संस्थाको नियमानुसारको (भाखा, ब्याज र हर्जाना) सर्तहरु पालना गर्ने गरी रु................................ अक्षेरुपी ................... रकम...........महिनाका लागी उपलब्ध गराई दिनहुन हार्दिक अनुरोध गर्दछु ।

साछि सहित ऋण सिफारिस गर्ने

१. श्री..................................................सदस्य क्र. सं...........

२. श्री..................................................सदस्य क्र. सं...........

३. श्री...................................................सदस्य क्र. सं...........

**निवेदक**

नामथर..............................

ठेगाना :..............................

बाबु/पतिको

नाम.................................

सदस्यता नं.................................

नागरिता नं.................................

**अनुसुचि-२**

## सामुदायिक संस्थाले संकलगर्ने ऋणपुँजी/घुम्तिकोष मागको विवरण

| सं. | सदस्यको नाम | गर्न चाहेको ब्यवसाय | माग रकम | संस्था वाट स्वीकृत रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

दस्तखत....................

नामथर :...................

सा. संस्था सचिव/कोषाध्यक्ष

दस्तखत....................

नामथर :...................

सा. संस्था अध्यक्ष

## अनुसुचि-३

## सामुदायिक संस्थाले ऋणपुँजी/घुम्तिकोष माग गर्ने फारम

मितिः......................

श्री अध्यक्ष ज्यू

विजयनगर स्थानीय विकास कोष

विषयः घुम्तिकोष माग सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस विजयनगर गाउँपालिका वडा नं. ..........अर्न्तगत ..................... गाँउमा गठित ....................... सामुदायिक संस्थाको सदस्यहरुमा संलग्न फारम बमोजिम लगानी गर्नका लागी विजयनगर स्थानीय विकास कोष ले तोकेको सर्त एवं सुविधाहरु पालना गर्ने गरि रु .......................... अक्षेरुपी .......................... उपलब्ध गराई दिनहुन हार्दिक अनुरोध छ । तोकिएको समयवधिमा ऋृण फिर्ता गर्ने सामुहिक प्रतिबद्धता सहितको समुहको निबेदन यसै साथ संलग्न छ ।

### घुम्तिकोष माग विवरण

| क.सं. | सा.सं.को नाम | ठेगाना | सदस्य संख्या | हाल सम्मको आन्ताािक बचत | घुम्तिकेष माग |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

### संस्थाको विवरण

संस्थाको नाम — निवेदक

आन्तारिक बचत — अध्यक्ष

सदस्य संख्या — सचिव/कोषध्क्ष

## अनुसुचि-४

## विजयनगर स्थानीय विकास कोष र ............ सामुदायिक संस्था बिच लघु कर्जा/ घुम्ती कोष लिन दिनका लागी गरिने

## सम्झौता पत्र

विजयनगर स्थानीय विकास कोष (यस पछि प्रथम पक्ष भनिने) र .................... सामुदायिक संस्था (यस पछि दोस्रो पक्ष भनिने) बिच सो सामुदायिक संस्थाले आफ्ना सामुदायिक सदस्यलाई उपलब्ध गराउन ऋण रकम प्राप्त गर्ने पुर्व शर्त, लगानी प्रकृया, सदुपयोगिता र ऋण चुक्ता प्रक्रिया सम्बन्धमा तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरि यो सम्झौता-पत्रमा हस्ताक्षर गरिदियौ लियौ ।

**सेवा तथा शर्तहरु**

१. द्धितिय पक्षले नियमित रुपमा आफ्नो बैठक बस्ने बचत संकलन गर्ने र आन्तरीक ऋण परिचालन गर्ने गरेको हुनुपर्नेछ ।

२. प्रथम पक्षले दोस्रो पक्षलाई आफ्ना सदस्यहरुमा लगानी गर्ने गरि रु....... अक्षरुपि........ मात्र कर्जा उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराईएको कर्जा दोस्रो पक्षले तोकिएकै व्यवसायमा लगानी गर्ने गरि आफ्ना सदस्यहरुमा लगानी गर्नुपर्नेछ । तोकिएको बाहेक अन्य कार्यमा उक्त रकम खर्च गरेको पाईएमा जुनसुकै समयमा पनि रकम फिर्ता गर्न लगाउन सकिनेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई दिने कर्जाको म्याद बढिमा १ वर्ष र व्याजदर ४ प्रतिशत कायम गरिनेछ । समयमा रकम फिर्ता नभएमा २ प्रतिशत थप दस्तुर लाग्नेछ ।

४. दोस्रो पक्षले आफ्ना सदस्यहरुमा लगानी गर्दा उक्त कर्जाको व्याजदर बढिमा ६ प्रतिशत र हर्जना ३ प्रतिशत काम गरिनेछ । यसरी प्रथम पक्षलाई बुझाउने भन्दा बढि रकम व्याज र हर्जना रकम दोस्रो पक्षको आम्दानीको रुपमा राखिनेछ । समयमै कर्जाको सावा र व्याज चुक्ता गर्ने गराउने जिम्मा दोस्रो पक्षमा आवद्ध सम्पुर्ण सदस्यहरुको हुनेछ ।

५. दोस्रो पक्षले प्रथम पक्षबाट लिएको कर्जा लगातार २ वर्ष सम्म पनि फिर्ता नभएमा सम्पुर्ण सदस्यहरुले दामासाहि रुपमा उक्त रकम चुक्ता गर्नु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा विजयनगरस्थानीय विकास कोष र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

उपरोक्त सेवा शर्तहरु मञ्जुर छौ भनि हस्ताक्षर गर्ने

| प्रथम पक्षको तर्फबाट | साछि | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| | | |

ईति सम्बत २०... साल ....... महिना .......गते रोज......... शुभम

**अनुसुचि ५**

**विजयनगर गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

पिपरी, कपिलबस्तु

## <u>ॠण पुजि लगानी भरपाई</u>

हामी ...................... सामुदायिक सस्थाका अध्यक्ष तथा सचिव कोषध्यक्षले विजयनगर स्थानीय विकास कोषले उपलब्ध गराएको ॠण पुजि घुम्तीकोष रकम रु.................... अक्षरुपि.................... तोकिएका शर्त अनुसार गर्ने गराउने गरि बुझिलिएका छौ, ॠण पुजि भुक्तानी सम्बन्धमा संस्थाको तर्फबाट पुर्ण रुपमा जिम्मेवार हुनेछौ तथा तोकिएको समयमा सावा व्याज भुक्तानी गर्न भाखा नाघेमा हर्जना रकम बुझाउने तथा कोषबाट गरिने कुनैपनि कार्वाहिहरुमा हाम्रो पुर्ण सहमत छ भनि यो भरपाई गरिदियौ लियौ ।

| **<u>बुझाउने</u>** | **<u>बुझिलिने</u>** |
| --- | --- |
| नाम थर | नाम थरः |
| पदः | पदः |
| कार्यालयः | सा.स.: |

**अनुसुचि ६**

**विजयनगर गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

पिपरी, कपिलबस्तु

## ऋण असुलि भरपाई

श्री ........................................... बाट ऋण असुलि बापत साँवा रु................ व्याज र हर्जना रु................ गरि जम्मा रु. .................. सधन्यवाद प्राप्त भयो ।

**रकम बुझाउनेको**

नाम थर:

पद:

सा.स.:

**रकम बुझिलिनेको**

नाम थर:

पद:

कार्यालय:

# अनुसुचि ७

लिखितम धनिका नाम विजयनगर गाउँपालिका, गाउँ कार्यपालिकाको मितिः२०....।.....।...... को कार्यपालिकाद्धारा पारित विजयनगर स्थानीय विकास कोष कार्य संचालन कार्यविधी, २०७६ धन बेहोर्ने ऋणीका नाम बर्दिया जिल्ला विजयनगर गाउँपालिका वडा नं......बस्ने श्री....................................का नाती/नातिनी ......................... का छोरा/छोरी/बुहारी वर्ष ......का विजयनगर गाउँपालिका वडा नं..... मा....... टोलमा गठित श्री .................. सामुदायिक संस्थाका अध्यक्ष ना.प्र.न. ........ का श्री .................. ले आफ्नो सामुदायिक संस्थाका सदस्यहरुमा लगानी गर्नेगरि मिति ................... मा पेश गरेको ऋण निवेदनमा उल्लेखित शर्तहरु पालना गर्नेगरि आजका मितिमा रु.................. अक्षररुपी ............................................. ऋण लिएको ठिक साँचो हो । उक्त ऋण रकम र सोमा वार्षिक ..... % का दरले व्याज समेत २०....... साल........ महिना .......गते भित्र सम्पुर्ण साँवा तथा व्याज यसै कोषमा बुझाउनेछु । जुन कार्यका लागी ऋण लिएको हो, सो कार्यमा नलगाएमा एवं भाखाभित्र साँवा तथा व्याज बुझाउन नल्याएमा कोषको नियमानुसार लाग्ने हर्जना/विलम्ब शुल्क समेत बुझाउन मञ्जुर छु । कथमकदाचित मैले बुझाउन पर्ने साँवा, व्याज र हर्जाना समेत नबुझाएमा मेरो यस संस्थामा जम्मा भएको बचत रकमबाट र तपसिल बमोजिम को व्यक्तिहरुको जम्मा भएको रकमबाट असुलउपर गरिलिनु र उक्त रकमबाट पनि पुरा असुल हुन नसकेमा अन्य मेरो तथा मेरो एकाघरको सगोलको परिवारको नाममा रहेको चल-अचल श्रीसम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुलउपर गरिलिनु भएमा कुनै प्रकारको उजुरबाजुर गर्ने छु भनि मेरो राजिखुशी तथा मञ्जुरीले किनाराका साक्षीका रोहवरमा यसै संस्थामा बसी यो तमसुकमा सहीछाँप गरी धनी संस्थालाई दियौ

**ऋणीको दस्तखत**

१) कपिलवस्तु जिल्ला विजयनगारा गा.पा. ..........वडा नं.................टोल बस्ने वर्ष...................को सदस्य नं...............श्री...............................

२) कपिलवस्तु जिल्ला विजयनगारा गा.पा. ..........वडा नं.................टोल बस्ने वर्ष...................को सदस्य नं...............श्री...............................

३) कपिलवस्तु जिल्ला विजयनगारा गा.पा. ..........वडा नं.................टोल बस्ने वर्ष...................को सदस्य नं...............श्री...............................

| जमानी बस्ने सदस्यको नाम | सदस्यता नं. | ठेगाना | जमानी बस्न कबुल गरेको रकम | ऋणले भाखा भित्र ऋण चुक्ता नगरेमा मेरो बचत रकमबाट कट्टा गरेमा मञ्जुर छु भनी सही गर्ने । |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**ऋणको दस्तखत**

दस्तखतः
नामः

इतिसम्वत २०७...... साल........... महिना .................. गते रोज ............. शुभम् ।

आज्ञाले
..............नाम
प्रमुख प्रशासकीय अधिकृत